**मिति २०७९/०८/११ गते बसेको निस्दी गाउँपालिकाको गाउँ कार्यपालिका बैठकका निर्णयहरु :**

प्रस्ताव नं. १ माथी छलफल गर्दा गत कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन बारे समिक्षा गरियो ।साथै पहिलो चौमासिक अवधिको शाखागत र वडागत प्रगति बिवरण कार्यपालिका बैठकमा प्रस्तुत गरियो ।

प्रस्ताव नं. २ माथी छलफल गर्दा मिति २०७९/०६/२६ गतेको कार्यपालिका बैठकबाट निर्णय भए बमोजिम भू- उपयोग कार्यान्वयन समितिले प्रत्येक वडाहरुबाट कृषि क्षेत्र र गैर कृषि क्षेत्रको वर्गीकरण गरी सो को प्रतिवेदन मिति २०७९/०८/२१ गते सम्म स्थानीय भू- उपयोग परिषद समितिमा पेश गर्नका लागि उक्त समितिलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं.३ माथी छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि गठित स्थानीय निर्देशक समितिको मिति २०७९/०८/११ गतेको बैठकको निर्णयानुसार वडागत रुपमा देहाय बमोजिम बजेटको बाँडफाँड स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय :

| वडा नं | बेरोजगार संख्या | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | ११ | ६,३४,७००। | |
| २ | ११ | ६,३४,७००। | |
| ३ | ८ | ४,६१,६००। | |
| ४ | ११ | ६,३४,७००। | |
| ५ | ११ | ६,३४,७००। | |
| ६ | १० | ५,७७,०००। | |
| ७ | ११ | ६,३४,७००। | |

प्रस्ताव नं.४ माथी छलफल गर्दा पाल्पा जिल्लाको आ.व. ०७९/८० को जिल्ला दररेटलाई नै चालू आ.व.को लागि निस्दी गा.पा. को हकमा लागू गर्ने यस अघिको कार्यपालिकाबाट निर्णय भएकोमा उक्त दररेटमा समावेश नभएका आइटमहरुको हकमा भौतिक पूर्वाधार शाखाबाट पेश हुन आएको स्थानीय दररेटलाई चालू आ.व. का लागि स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.५ माथी छलफल गर्दा मतदाता शिक्षा कार्यक्रमका लागि खटिएका स्वयंसेवकहरुको यातायात खर्च बापत निर्वाचन आयोगले निर्धारण गरे बमोजिमको रकम बैठक भत्ता, खाजा खर्च र मसलन्द खर्च बापतको रकम गाउँपालिकाको विविध खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं.६ माथी छलफल गर्दा निस्दी कृषि तथा पशु उद्यमशिल विकास परियोजनाका लागि आ.व. ०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार निस्दी कृषि तथा पशु उद्यमशिलता विकास साझेदारी कार्यक्रम बाट कुल बजेटको २० प्रतिशत मात्र पेश्की बापत उपलब्ध गराउने र पेश्की फर्छ्यौट पश्चात क्रमै संग थप २० प्रतिशतका दरले पेश्की उपलब्ध गराउदै जाने निर्णय गरियो ।

०७९/८/११

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

प्रस्ताव नं.७ माथी छलफल गर्दा निस्दी गाउँपालिकाको आ.व. ०७९/८० को परिषदबाट विनियोजित गाउँपालिका शिक्षक अनुदान कार्यक्रम अन्तर्गत वडा नं. ४ को श्री गौरीशंकर मा.वि. र वडा नं. ६ को श्री गोरखनाथ मा.वि. लाई शिक्षक कोटा थप गर्ने निर्णय गरियो ।

मिति २०७९/०८/११ गते बसेको गाउँकार्यपालिका बैठकको निर्णय प्रमाणित

०६५/८/११
ध्रुव दयाल
प्रमुख प्रशासकिय अधिकृत

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश,नेपाल
मित्याल,पाल्पा